# ज्वालामूखी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
साँधभञ्ज्याङ, धादिङ
वागमती प्रदेश,नेपाल

E-mail: info@jwalamukhimun.gov.np
jwalamukhiruralmun@gmail.com
Website :www.jwalamukhimun.gov.np


पत्र संख्या :- ०७७/७८ मिति : २०७८।०१।१५

चलानी नं :- २३५३

**विषय :- बजेट सिलिङ्ग तथा मार्गदर्शन पठाइएको सम्बन्धमा ।**

श्री वडा समितिको कार्यालय

......नं वडा,

ज्वालामूखी,धादिङ

प्रस्तुत विषयमा ज्वालामूखी गाउँपालिकाको आ.व. ०७७।७८ को लागि **"बार्षिक गाउँ विकास योजना"** तर्जुमा गर्ने क्रममा संघ र प्रदेशबाट प्राप्त मार्ग निर्देशन/बजेट सिलिङ्गको आधारमा योजना तर्जुमा गर्ने प्रावधान भए अनुरुप हाल सङ्घीय अर्थ मन्त्रालय र प्रदेश आर्थिक मामिला तथा कानून मन्त्रालयबाट बजेट सिलिङ्ग र मार्गदर्शन प्राप्त भइसकेकाले उक्त दुबै मन्त्रालयबाट गाउँपालिकालाई प्राप्त भएको बजेटको आधारमा तपशिलको बजेट सिलिङ्ग र मार्गदर्शन बमोजिम वडा तहका योजना तथा कार्यक्रमहरु तर्जुमा गरी निर्धारित मिति भित्र पेश गर्न हुन अनुरोध छ ।

आज्ञाले,

बद्रिनाथ लम्साल

प्रमुख प्रशासकीय अधिकृत

# आ.व. २०७८।७९ को वडास्तरीय बजेट तथा कार्यक्रम तयार गर्ने सम्वन्धी बजेट सिलिङ तथा मार्गदर्शन

## पृष्ठभूमि

गत वर्षदेखि शुरु भएको कोरोना भाइरसको महामारीबाट विश्वमै ठूलो मानवीय क्षति र आर्थिक संकट पैदा भएकोमा हाल यसको दोस्रो लहरले झनै बढी मानविय क्षति भैरहेको र आगामी दिनमा पनि आर्थिक संकट पैदा हुने अवस्था देखिएको साथै यसबाट मनोवैज्ञानिक त्रास समेत उत्पन्न भएको छ । कोभिड १९ दोस्रो चरण नाम दिएको यो महामारीले सिर्जना गरेको स्वास्थ्य संकट न्यूनिकरणमा सङ्घीय सरकार तथा प्रदेश सरकारको तर्फबाट चालिएका कदमले केही हद सम्म मद्दत पुगेको भएतापनि स्थानीय सरकारले यसको प्रत्यक्ष व्यवस्थापन गर्नु परेको छ । जस अनुरुप विगत वर्षदेखि नै क्वारेन्टिन तथा आईसोलेसन स्थापना तथा सञ्चालन, राहत वितरण, औषधी उपचारको व्यवस्था, नमूना संकलन र परीक्षण, एम्बुलेन्स सञ्चालन आदि जस्ता गतिविधिहरु गाउँपालिकाबाट भै रहेको व्यहोरा अवगत नै छ । यस्तो अवस्थामा पनि कानूनले निर्दिष्ट गरेको समय सीमाभित्र आगामी आर्थिक वर्षका लागि कार्यक्रम तथा बजेट तर्जुमा गर्नु पर्ने बाध्यात्मक अवस्था छ । जसका लागि तोकिएका प्रक्रियाहरु पूरा गरी विषयगत समिति तथा शाखाहरुको सहयोग र समन्वयमा दिगो, प्रभावकारी र उपलब्धिमुलक वजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ । नगर तथा गाउँ विकासका लागि वडा कार्यालयहरुलाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम वजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा वजेट सीमा सहित यो मार्गदर्शन तर्जुमा गरी सोही मार्गदर्शनलाई आधार मानी वडागत रुपमा योजना तथा कार्यक्रम छनौट गरी गाउँपालिकामा पेश गर्न यो मार्गदर्शन तयार गरी प्रेषित गरिएको छ ।

## योजना तर्जुमाका लागि बजेट सिलिङ :

(क) संङ्घीय र प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त भएको बजेट सिलिङको आधारमा कम्तिमा ............................बजेटबाट नघट्ने गरी जम्मा हुन आउने रकमलाई त्यस वडाको बजेट सिलिङ्ग मान्ने ।

## योजना तर्जुमाका लागि मार्गदर्शनहरु :

**योजना छनौटको प्रक्रियागत चरण :**

(क) योजना तर्जुमाका लागि वस्तीस्तरबाट योजना संकलन गर्न सकिने अवस्था भएमा विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना भाईरस दोस्रो लहरको जोखिमबाट बच्न अनिवार्य रुपमा भौतिक दुरी कायम लगायत सुरक्षा सम्बन्धी अन्य मापदण्डहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(ख) भेला आयोजना गर्दा बन्दाबन्दी,निषेधाज्ञा वा तत् पश्चातको अवस्थामा बैठक, कार्यशाला, भेला जस्ता कार्यक्रम आयोजना गर्दा अपनाउनु पर्ने सावधानी पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(ग) बुँदा (क) बमोजिम वस्तीस्तरको योजना संकलन गरिने भेलामा सबै सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी सकभर न्यून संख्यामा सहभागीहरु भेला गर्नु पर्नेछ । कोभिड संक्रमित वा लक्षण देखिएका व्यक्तिलाई भेलामा सहभागी हुन निषेध गरिएको छ ।

(घ) कोभिड १९ महामारीका कारण वस्तीस्तरको भेला गर्न नसकिएमा वडा सदस्यहरुलाई जिम्मेवारी बाँडफाँड गरी वडाका विभिन्न वस्तीका सरोकारवाला (*अनुसूची १ बमोजिम* ) का प्रतिनिधि लगायतका व्यक्तिहरुसँग छलफल गरी *अनुसूची २* बमोजिमको ढाँचामा वस्तीस्तरका योजना र कार्यक्रम संकलन तथा प्राथमिकीकरण गरी वडा समितिमा पेश गर्नुपर्नेछ ।

(ङ) वस्तीस्तरबाट योजना संकलन भए पश्चात सरोकारवालाहरुको सहभागितामा वडा भेलाको आयोजना गरी *अनुसूची ३ बमोजिम* योजना प्राथमिकीकरण र छनौट गर्नु पर्नेछ ।

(च) वडा भेला वा छलफल गर्न सम्भव नभएमा वडा समितिले बजेट सिलिंगको परिधिभित्र रही योजना तथा कार्यक्रम छनौट गरी तोकिए बमोजिमको ढाँचा र समयसीमा भित्र *अनुसूची ३ बमोजिम* गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(छ) वस्तीस्तर तथा वडास्तरका योजना छनौटमा सर्वसम्मत नभए योजना प्राथमिकीकरणका विधिहरु जस्तै : टिक विधि,जोडा विधि जस्ता विधिहरुको प्रयोग गरी प्राथमिकीकरण गर्न सकिनेछ ।

<u>योजना प्राथमिकीकरण आधारहरु :</u>

(क) योजना तथा कार्यक्रम संकलन तथा प्राथमिकीकरण गर्दा हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइसर पहिलो तथा दोस्रो लहरका कारणबाट श्रृजित प्रभावलाई सम्बोधन गर्ने र भविष्यमा यस्ता महामारीबाट बच्न सक्ने उपायहरु समेटिएको योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(ख) विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ पहिलो तथा दोस्रो लहरले शिथिल बनाएको आर्थिक गतिविधि र गुमेको रोजगारीको अवसरलाई परिपूर्ति गर्ने खालका योजना तथा कार्यक्रम तर्जुमा गर्न तर्फ प्राथमिकता दिनुपर्नेछ ।

(ग) यसैगरी लैंगिक समानता तथा सामाजिक समावेशिकरणको सिद्धान्तलाई आत्मसाथ गर्दै जोखिममा परेका लगायत अन्य लक्षित समूह **(Vulnerable & Target Groups):** *बालवालिका, महिला (एकल समेत), आदिवासी/जनजाति, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति आदी* को आर्थिक तथा सामाजिक अवस्था सुधारहुने खालको योजना तथा कार्यक्रम **<u>अनिवार्य रुपमा समावेश गर्ने ।</u>**

(घ) लागत सहभागिता, स्थानीय कच्चा पदार्थको खपत हुने, स्थानीयस्तरमा रोजगारी श्रृजना हुने, समयमै सम्पन्न हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिइ छनौट गर्नु पर्नेछ ।

(ङ) चालू आर्थिक वर्षमा सम्पन्न गर्न नसकिएका वा विगत वर्षदेखि नै क्रमागत योजनाका रुपमा रहेका अधुरा योजनाहरुलाई आगामी आ.व. मा सम्पन्न गर्ने गरी क्रमागत योजनाका रुपमा छनौट गर्न प्राथमिकता दिनु पर्नेछ ।

(च) साना, टुक्रे र संख्यात्मक रुपमा धेरै योजना छनौट नगरी उपलब्धिमूलक र छिटो प्रतिफल प्राप्त हुने खालाका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(छ) भौतिक पूर्वाधारतर्फका योजना छनौट गर्दा अनिवार्य रुपमा १ वटा आयोजना रु पाँच लाख वा सो भन्दा बढीको योजना छनौट गर्नु पर्नेछ ।

(ज) भौतिक पूर्वाधार तर्फका अन्य आयोजनाका हकमा २ लाख भन्दा कम लागतका आयोजना छनौट गर्न पाइने छैन ।

(झ) योजना छनौट गर्दा नयाँ ट्र्याक खोल्ने योजना छनौट गर्न पाइने छैन ।

(ञ) योजना तथा कार्यक्रम तर्जुमा गर्दा संचालन हुने योजना तथा कार्यक्रमले कम्तिमा २० घरधूरी परिवार समेटेको हुनु पर्नेछ ।

(ट) समग्र योजना तथा कार्यक्रम प्राथमिकीकरण गर्दा निम्न ५ वटा विषयगत क्षेत्र समेटिने गरी गर्नु पर्नेछ :

(१) **<u>आर्थिक विकास</u>** कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय, स्थानीयस्तरमा रोजगारी प्रवर्द्धनका क्षेत्र ।

(२) **<u>सामाजिक विकास</u>** : शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति) जस्ता क्षेत्र समावेश गर्ने ।

(३) **<u>पूर्वाधार विकास</u>** : सडक तथा पुल (झोलुंगे पुल समेत), सिंचाई, भवन, उर्जा, सञ्चार जस्ता क्षेत्र ।

(४) **वन, वातावरण तथा विपद् व्यवस्थापन** : वन तथा भू संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जन उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, बारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

(५) **सुशासन तथा संस्थागत विकास** : मानव संशाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, आन्तरिक र

अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक असन्तुष्टि सर्वेक्षण र अन्तर निकाय समन्वय जस्ता विषयवस्तु समावेश गर्ने ।

(ठ) यसका साथै गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताहरुलाई सहयोग हुने खालका योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।

(ड) योजना छनौट गर्दा कार्यक्रमगत रुपमा गर्नु पर्नेछ, अवण्डा राखी योजना छनौट गर्न पाइने छैन ।

(ढ) राजनीनितिक दल तथा तिनको भातृ तथा भगिनी संगठनहरुलाई सहयोग पुग्ने खालका योजना छनौट गर्न पाइने छैन ।

**अनुसूची १**

**स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ५.३ मा उल्लेखित वस्ती तहका योजना छनौट सम्बन्धी व्यवस्था**

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न वस्ती तथा टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नु पर्नेछ ।

(ख) प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाका लागि बैठक हुने दिन र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

(ग) वस्ती तहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी, जनजाति, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग आदी) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(घ) टोल तथा वस्तीमा हुने योजना तर्जुमा प्रक्रियामा टोल तथा वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (टोल विकास संस्था, आमा समूह, बाल क्लब, युवा क्लब, विभिन्न सरकारी कार्यालयहरुबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागी गराउनु पर्नेछ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौट सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्नु पर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्नेछ ।

अनुसूची २

## वस्तीस्तरबाट योजना संकलन गरी वडामा पेश गर्ने ढाँचा

वडा नं:                    छलफल भएको वस्ती/स्थल :                              छलफल मितिः

विषयक्षेत्र : ........... (प्रत्येक विषयगत क्षेत्रको छुट्टा छुट्टै विवरण तयार गर्नु पर्नेछ ।)

| प्राथमिकता संख्या | आयोजना वा कार्यक्रमको नाम | संचालन स्थल पालिका, वडा, वस्ती र स्थ | लाभान्वित घरधुरी, जनसं समुदाय | अनुमानित लागत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसूची ३

## वडा समितिबाट योजना संकलन तथा प्राथमिकीकरण गरी गा.पा.मा पेश गर्ने ढाँचा

### वडा समितिबाट प्राथमिकता निर्धारणसहित पेश गर्ने वडास्तरीय आयोजना निर्धारित बजेट सिमा भित्रका आयोजना तथा कार्यक्रमको विवरण

| प्रस्तावित आयोजना तथा कार्यक्रमको विवरण | | | | माग गर्ने (वडा/टोल/समुदाय/समूह/संजाल/संस्था) | लाभान्वित घरधुरी वा जनसंख्या | कार्यान्वयन विधि | अनुमानित लागत तथा प्रस्तावित स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | स्थल | परिमाण | प्राथमिकता | | | | समुदाय | गापा/नपा | अन्य | जम्मा |
| आर्थिक विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| पुर्वाधार विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| वातावरण र विपद व्यवस्थापन | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| संस्थागत विकास र सुशासन | | | | | | | | | | |
| | | | | | | | | | | |